बैठक संख्या:-१३५

आज मिति २०८२/०९/२९ गते मङ्गलवार दिउसो ठिक ३:०० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री सुदिप पौडेल ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहायको वमोजिमको निर्णय गरियो।

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुदिप पौडेल | नगर प्रमुख | |
| २ | श्री सुनिता गुप्ता (बैश) | नगर उप-प्रमुख | |
| ३ | श्री मुहम्मद जाहिद खाँ | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री अशोक कुमार गुप्त | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री रुद्र वहादुर गैरे | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री रबेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रामजित प्रसाद कुर्मी | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री इन्द्रमणि कुर्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री दिपक बहादुर गुरुङ्ग | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री मोहन लाल शर्मा | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री इन्सान अली धुनिया | वडा अध्यक्ष वडा नं १२ | |
| १५ | श्री चन्दा कुर्मी | कार्यपालिका सदस्य | |
| १६ | श्री प्रेमा देवी कोरिन | कार्यपालिका सदस्य | |
| १७ | श्री मानति कहाईन | कार्यपालिका सदस्य | |
| १८ | श्री शिर विन्दु थारु | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रभावति यादव | कार्यपालिका सदस्य | |
| २० | श्री गोविन्द कहाँर | कार्यपालिका सदस्य | |
| २१ | श्री गंगेश कुमार वर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री रामदास चमार | कार्यपालिका सदस्य | |
| २३ | श्री विनय कुमार श्रीवास्तव | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थिति**

| | | | |
|---|---|---|---|
| १ | श्री रसिद खाँ | सल्लाहकार | |
| २ | श्री विनोद कुवरँ | प्रशासकीय अधिकृत | |
| ३. | राजेन्द्र कुमार चौधरी | इन्जि. | |
| ४ | कृष्णनाथ पाण्डेय | प्र. अधिकृत | |
| ५ | भगवानदास गुप्ता | कार्य प्रशा. अधिकृत | |
| ६ | पदम राज श्रेष्ठ | प्रशासकीय अधिकृत | |
| ७ | गोकर्ण व. खड्का | वि.प्र.अ | |
| ८ | बलराम न्यौपाने | क. अ. कार्यालय सहायक | |
| ९ | शिव प्रसाद पाण्डेय | | |

मिति २०८२/९/२९ गतेको कार्यपालिका बैठकका निर्णयहरु

कार्यपालिका बैठक संख्या १३५ बैठकका प्रस्तावहरु

१. आगामि नगरसभा सम्वन्धमा ।

२. योजना संचालन सम्वन्धमा ।

३. विविध/समसामयिक ।

निर्णयहरु

१. मिति २०८२/९/२३ गते सम्पन्न भएको १३४ औ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

२. यस कपिलवस्तु नगरपालिकाको पुर्वाधार शाखाबाट संचालित नगरस्तरिय एंव वडास्तरिय योजनाहरुको लागत अनुमान (Estimate) मिति २०८२/१०/१५ भित्र खटिएको वडा एंव कार्यापालिकामा पेश गर्न पुर्वाधार शाखालाई निर्देशन दिने। ।

विविध/समसामयिक

१ कपिलवस्तु नगरपालिकाको विधायन समितिद्वारा पेश भएको " कपिलवस्तु नगरपालिकाको पशुपंछी तथा मतस्य पालन सम्वन्धि कार्यक्रम संचालन कार्यविधि २०८२" को स्वीकृत निर्णय गरियो ।

२ कपिलवस्तु नगरपालिकाको विधायन समितिद्वारा पेश भएको " कपिलवस्तु नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०८२" को स्वीकृत निर्णय गरियो ।

३ कपिलवस्तु नगरपालिकाको विधायन समितिद्वारा पेश भएको " कपिलवस्तु नगरपालिकाको निशुल्क कम्मल/ब्लान्केट बितरण कार्यविधि २०८२" को स्वीकृत निर्णय गरियो ।

४ कपिलवस्तु नगरपालिकाले खेलकुदलाई प्रोत्साहन गर्ने उदेश्ले विनियोजित भएको बजेटबाट खर्च हुने गरि खेलकुद सामाग्रीहरु सामुदायिक बिद्यालय/दर्ता भएका क्लब/बाल क्लब/ बाल समुह/बाल संजाल/खेलकुद सस्थाहरु बाट मात्र वितरण गर्ने निर्णय गरियो ।

५ कपिलवस्तु नगपालिकाको नगर राजश्व परामर्श समितिको आ.व.२०८३/०८३ आन्तरिक राजश्व प्रक्षेपण रु.४,२८,४५,०००।-(अक्षेरुपि चार करोड अठ्ठाइस लाख पैतालिस हजार मात्र) प्रक्षेपण अनुमोदन गर्ने निर्णय गरियो ।

६ गौ रक्षा मिसन क.व.न.पा.३ कपिलवस्तुको मिति २०८२/९/२० च.न.४२५ को पत्रानुसार सडक दुर्धटनामा परेका छाडा चौपायाहरुको व्यवस्थापन गर्न पोषण औषधि पानि टंकी र विद्युतिय मोटर माग भई आएकोमा उक्त संस्थालाई उपलव्ध गराउने निर्णय गरियो ।

७ यस कपिलवस्तु नगरपालिकाको वडा नं.४ को मिति २०८२/९/३ च..५३३ पत्रानुसार ऐ.ऐ.वडामा बसोबास गर्ने बरखु प्रसाद कोरीको नाति भिखा कोरीको छोरा जगमोहन कोरीले श्री विराट मेडिकल कलेज विराटनगरमा MBBS अध्यनरत जेहेन्दार विद्यार्थीलाई यस यस नगरपालिकाको आ.व.२०८२/०८३ विनियोजित बजेटको क्र.स.११८९ क्रियाकलाप नाम

विद्यार्थी तथा खेलाडी प्रोत्साहन कार्यक्रम खर्च शिर्षक २२५२२ बाट भुक्तानि हुने गरि आर्थिक सहायता स्वरुप रु.४०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

८ यस कपिलवस्तु नगरपालिकाको वडा नं.२ को मिति २०८२/८/१९ च..५२२ पत्रानुसार ऐ.ऐ.वडामा बसोबास गर्ने राजेन्द्र कहारको छोरी कुसुम कहारले नेपाल सरकारको मेडिकल शिक्षा आयोगबाट BSc Nursing /BSC Midwifery मा छात्रवृति प्राप्त गरि अध्यनरत जेहेन्दार विद्यार्थीलाई यस यस नगरपालिकाको आ.व.२०८२/०८३ विनियोजित बजेटको क.स.११८९ क्रियाकलाप नाम विद्यार्थी तथा खेलाडी प्रोत्साहन कार्यक्रम खर्च शिर्षक २२५२२ बाट भुक्तानि हुने गरि आर्थिक सहायता स्वरुप रु.२५,०००।- उपलव्ध गराउने निर्णय गरियो ।

९ यस कार्यलयको आ.व.२०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत वडा नं.३ क्यापस टोलमा नाली निर्माण गर्न यस कार्यालय र सम्बन्धित निर्माण व्यवसायी श्री यलिना निर्माण सेवा एण्ड सप्लायर्स (प्रो हिमालय पन्थी) बुद्वभूमि न.पा.१ कपिलवस्तु बिच मिति २०८२/२/३० मा सम्झौता गरि कार्यदिश दिइएकोमा बर्षात तथा जग्गा बिवादको कारण तोकिएको समयमा सम्पन्न हुन नसकेको हुँदा उक्त योजनाको म्याद मिति २०८२/१०/३० सम्म थप गर्ने निर्णय गरियो ।

१० यस कार्यालयको पछाडी दक्षिणी सिमा सँग जोडिएको नेपाल सेना गुल्म ब्यारेकको नाममा रहेको कि.नं.१३ जम्मा क्षेत्रफल ०-५-१-० रहेको सार्वजनिक जग्गालाई सम्वन्धित निकाय सँग समन्वय गरि स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ९७ को उपदफा १ बमोजिम तारबार तथा कम्पाउण्ड बाल निर्माण गरि संरक्षण गर्ने निर्णय गरियो ।

११ राष्ट्रिय योजना आयोग, सिंहदरवार काठमाण्डौबाट मिति२०८२/८/२९ गते प्रकाशित सूचना अनुसार आगामी आ.ब.२०८३/०८४ को लागि माग भएको समपूरक अनुदान र विशेष अनुदानको लागि तपसिल बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

<u>समपूरक अनुदानः-</u>

- दोहनी मुराउडिहवा कुवागाँउ सडक निर्माण

<u>विशेष अनुदानः-</u>

- पोखरी संरक्षण वडा नं.५ डंगेरी

१२सडक बोर्ड नेपालको च.नं.६७८ मिति २०८२/९/२८ गते यस आ.व.को लागि सडक मर्मत संम्भार कार्यक्रम अन्तर्गत रु ३५,००,०००।- (अक्षेरुपी पैतिस लाख) को सिलिङ्ग प्राप्त भएकोमा तपसिल बमोजिमका योजनाहरु मर्मत सम्भारको लागि प्रस्ताव गर्ने निर्णय गरियो ।

- जमुवार नहर वर्गदवा महुवरिय सडक मर्मत
- गोपालपुर बिजगौरी सडक मर्मत
- थुम्हवा चोक देखि थुम्हवा गाँउ सि.एल.सि सडक मर्मत

सुदिप पौडेल
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत